# बैठक नं. - अठारौं
# मितिः २०७४।१२।२९ गते बिहीबार

निर्णयहरु : उपर्युक्त प्रस्तावहरुमा छलफल गरि निम्न निर्णयहरु सर्वसम्मत रुपले पारित गरियो ।

**निर्णय नं. १**

यस नगरपालिकाको मिति २०७४ चैत्र ३० गते बिहान १० बजे गर्ने भनिएको दोस्रो नगर सभा मुसीकोट नगर पालिका ५, सेरीगाउँमा रहेको श्री यमुना नन्द नमुना माबिको प्राङ्गणमा गर्ने ।

**निर्णय नं. २**

वडा तथा नगर कार्यपालिकामा छलफल भई आएका तपशिल बमोजिमका विधेयक मस्यौदाहरु केहि संशोधन सहित अनुमोदनका लागि दोस्रो नगरसभामा पेश गर्ने ।

**तपशिलः**

| क्र.स. | नाम |
|---|---|
| १. | मुसिकोट नगरपालिको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ |
| २. | मुसिकोट नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ |
| ३. | न्यायिक समिति उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७४ |
| ४ | मुसिकोट नगरपालिकाको एफ.एम रेडियो व्यवस्थापन तथा संचालन कार्यविधि, २०७४ |
| ५ | मुसिकोट नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन, २०७४ |
| ६ | मुसिकोट नगरपालिकाको बजार अनुगमन ऐन, २०७४ |
| ७ | मुसिकोट नगरपालिकाको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ |
| ८ | मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न वनेको ऐन, २०७४ |
| ९ | मुसिकोट नगरपालिकाको करारमा जनशक्ति व्यवस्थापन कार्यविधि, २०७४ |
| १० | मुसिकोट नगरपालिकाको  राजपत्र नमुना, २०७४ |
| ११. | मुसिकोट नगरपालिकाको शिक्षा ऐन, २०७४ |
| १२. | मुसिकोट नगरपालिकाका शिक्षा नियामावली, २०७४ |
| १३. | मुसिकोट नगरपालिकाको सहकारी ऐन, २०७४ |
| १४. | मुसिकोट नगरपालिकाको एकिकृत सम्पति कर व्यवस्थापन कार्यविधि, २०७४ |

**निर्णय नं. ३**

पहिलो नगर सभा पश्चात यस नगर कार्यपालिका, सबै बिषयगत समितिहरु, बिषयगत कार्यालय, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायतका कानुनी अधिकार प्राप्त पदाधीकारीहरुबाट हालसम्म गरेका आर्थिक तथा प्रशासनिक निर्णयहरु अनुमोदनका लागि दोस्रो नगरसभामा पेश गर्ने ।

**निर्णय नं. ४**

यस नगरपालिकाको चालु आर्थिक बर्ष २०७४।०७५ का लागि आर्थिक विकास समितिको मिति २०७४।१२।२८ गतेको निर्णय बमोजिम पशु सेवा तर्फको रु.२५,३०,०००। र फोहरमैला व्यवस्थापन तर्फको रु. १५,००,०००। गरी जम्मा रु.४०,३०,०००। लाई निम्नानुसर संशोधन गर्ने ।

| क. सं. | योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | विपत व्यवस्थापन | ५०,०००। | |
| २ | शैक्षिक क्षेत्रका विविध कार्यक्रम | १५,००,०००। | |
| ३ | स्वास्थ्य परिक्षण प्रयोगशाल स्थापना तथा संचालन । | १५,००,०००। | |
| ४ | आकश्मीक आर्थिक सहायता | ३,००,०००। | |
| ५ | स्वास्थ्य विमा कार्यक्रम | २,००,०००। | |
| ६ | खेलकुद विकास / क्रिकेट खेल | १,३०,०००। | |
| ७ | कांयखोला पुरिनचौर नारीखोरिया सालघारी सडक मर्मत | २,००,०००। | |
| ८ | न्यायिक समिति सम्बन्धी बिबिध कार्य | १,५०,०००। | |
| जम्मा | | ४०,३०,०००। | |

**निर्णय नं. ५**

यस नगरपालिका अन्तर्गत वडा नं १०, ११ र १३ मा साविकको गाविसहरुमा कार्यालय सहायक र प्राविधक सहायकको रुपमा नियमित रुपमा कार्यरत कर्मचारीहरुलाई मिति २०७५ वैशाख १ गते देखी लागु हुने गरी राजपत्र अनङ्कित द्धितीय श्रेणीको आधारभुत तलव स्केल भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

गंभीर प्रकतिका रोग लागि स्थानीय स्तरमा उपचार हुन नसक्ने मुटु रोग, किड्नी, क्यान्सर, मष्तीस्क, आकस्मीक दुर्घटना लगायतका गंभीर प्रकतिका रोगको उपचारको लागि यस नगरपालिकाको पदाधिकारीहरुको औषधी उपचारमा भएको वील वमोजिमको वास्तवीक खर्च र अस्पतालसम्म पुग्न लाग्ने यातायात वापतको खर्च र गंभीर विरामीको हकमा एक जना सहयोगीको यातायात खर्च मात्र सामजिक समितिको सिफारिसमा भुक्तानी दिने ।

**निर्णय नं. ७**

रु. पाच लाख सम्मका वडा नं ११ वाट सिफारिस भई आएका निम्न योजनाहरुलाई स्वीकृत गर्ने ।

| क. सं. | योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | जनकल्यान मा.वि. भलाक्चा, कम्प्युटर खरीद | १,३५,०००। | |
| २ | ज्ञानोदय मा.वि. लह, कम्प्युटर खरीद | १,३५,०००। | |
| ३ | बालधर्म प्रा.वि. स्यावाङ, तारजाली घेरवार | ५०,०००। | |
| ५ | उपकार प्रा.वि. कुसुमडाडा, फिल्ड निर्माण | ५५,०००। | |

| | | | |
|---|---|---|---|
| ६ | बालचेतना उपकार खर्चिवाङ, फिल्ड निर्माण | ४५,०००। | |
| ७ | सरस्वती उपकार प्रा.वि. सिव्री, भवन मर्मत | ३५,०००। | |
| ८ | स्वास्थ्यचौकी भलाक्चाको कार्यालय व्यवस्थापन | ४५,०००। | |
| जम्मा | | ५,००,०००। | |

**निर्णय नं. ८**

यस नगरपालिकावाट वजेटको व्यवस्था गर्न नसकिने निम्न योजनाहरु प्रदेश तथा संघका सम्वन्धित निकायहरुमा अनुरोध गर्ने ।

क) मुसिकोट नगरपालिकाका चक्रपथ निर्माण ।
ख) वडा कार्यालयहरुको भवन निर्माण ।
ग) वडा नं ७ मा लिफ्ट सिंचाई ।
घ) बस पार्क (जग्गा खरिद एव निर्माण)
ङ) रंगशाला निर्माण
च) सोलाबाङ झुल्खेत क्वाम्मखोला गर्पाधुरी घोरखानी मध्यपहाडी मोटरबाटो निर्माण

**निर्णय नं. ९**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त भएको अन्तरिम संगठन संरचना तथा दरवन्दी तेरीज सोही रुपमा स्वीकृतका लागि नगर सभामा पेश गर्ने ।

**निर्णय नं. १०**

यस चालु आ.व.को अनुमानित एक करोड आन्तरीक आयको रकमलाई निम्न बमोजिम क्षेत्रमा विनियोजन गर्ने

| क. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | सडक वोर्ड म्याचिङ फण्ड | १०,००,०००। | |
| २ | नगर भित्रका विभिन्न स्थानका झोलुङ्गे पुल तथा ट्रस विरिज निर्माण म्याचिङ फण्ड | २०,००,०००। | |
| ३ | पदाधिकारीहरु तथा कर्मचारीहरुको पारिश्रमीक एवं सुविधा | ५०,००,०००। | |
| ४ | आकस्मिक कोष | २०,००,०००। | |
| जम्मा | | १,००,००,०००। | |

**निर्णय नं. ११,**

क) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) तर्फका ५ जना कर्मचारीहरुलाई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४०, मिति २०७४।१२।१३ गतेको पत्र अनुसार ०७४।१२।१६ देखि लागु हुने गरि २०७५ असार मसान्त सम्मका लागि मात्र उक्त पत्रको तेस्रो बुँदामा उल्लेख भए अनुसार निकासा भएपछि निर्बाह

खर्च उपलब्ध गराउने गरि सेवा करारमा लिने र तत्पश्चात यस कार्यालयको कुनै दायित्व नरहने ।

ख) बिभिन्न योजना तथा कार्यक्रमहरुमा अनुगमन गर्न जाँदा अनुगमन समितिमा रहेका सदस्य तथा कर्मचारीहरुलाई प्रत्येक दिनको प्रति ब्यक्ति रु.१५००। का दरले योजनाको कन्टिन्जेन्सीबाट अनुगमन भत्ता उपलब्ध गराउने ।

ग) यस मुसीकोट नगर कार्यपालिकाका सदस्य जानकी केसी खड्काका ससुराबुवा मु.न.पा. १० निबासी बिर्खबहादुर खड्काको मिति २०७४।१२।२२ मा भएको असामयिक निधनप्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्दै शोकाकुल परिवारजनमा भावपूर्ण समबेदना ब्यक्त गर्ने ।

अन्तमा नगर प्रमुखबाट आजको बैठक समापन भएको घोषणा गरियो ।